# नदिजन्य पदार्थ तथा प्राकृतिक श्रोत निकासी कार्यविधि २०७६

प्रस्तावना :

निर्माण सामग्रीको रूपमा प्रयोग गरिने ढुगा ग्राभेल बालुवा गिट्टी मिस्कट भस्कट र माटो जस्ता नदिजन्य पदार्थ तथा प्राकृतिक श्रोतहरूको निकासी सदुपयोग गर्नका लागि बाञ्छनिय भएकोले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ र प्रदेश न. ५ सरकारको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ ले दिएको अधिकार प्रयोग गरी रम्भा गाउंपालिकाले यो कार्यविधि जारी गरेको छ ।

संक्षिप्त नाम र प्रारम्भ :

यस कार्यविधिको नाम नदिजन्य पदार्थ निकासी कार्यविधिं २०७६ रहेको छ ।

यो कार्यविधि रम्भा गाउपालिकाको क्षेत्र भरी लागु हुनेछ ।

यो कार्यविधि रम्भा गाउपालिकाको कार्यपालिकाको बैठकले स्वीकृत गरेको मितिदेखी लागु हुनेछ ।

नदिजन्य पदार्थको उत्खनन सम्बन्धमा

- पुलको दायांबायां ५०० मिटरसम्म नदिजन्य पदार्थको उत्खनन गर्न पाइने छैन ।
- प्रारम्भीक वातावरणीय परिक्षण वा प्रभाव मूल्याङकनमा स्वीकृत भएको नदिजन्य पदार्थ निकाल्न पाइने छ ।
- नदिमा हेभी इकुभमेन्ट प्रयोग गर्दा खाल्टो परेमा पुर्ने व्यवस्था मिलाउनु पर्नेछ ।
- तोकेएको ठाउंमा मात्र हेभी इकुभमेन्ट प्रयोग गर्नु पर्नेछ ।
- प्रभावित क्षेत्रका व्यक्तिहरूसंग १ दिने अभिमुखीकरण कार्यक्रम संचालन गरिने छ ।
- कालीगण्डकी करीडोरको ठेकेदारलाई अमानतमा मात्रै माल निकासी गर्न दिइनेछ ।
- जिल्ला स्थित अनुगमन समितीमा पनि छलफलको आयोजना गरिने छ ।
- रसिद काटने कर्मचारीको व्यवस्था गाउपालिकाले गर्ने छ ।
- दैनिक रूपमा प्राप्त भएको रकम गाउंपालिकाको विभाज्य कोषमा जम्मा गर्नु पर्नेछ ।
- बिहान सुर्यदयदेखी साझ सुर्य अस्तसम्म मात्र उत्खनन गर्न पाइनेछ ।
- जनता आवास, निजी आवास, भूकम्प पिडित र योजनाको काममा आवश्यक पर्ने सामाग्री सम्बन्धीत व्यक्तिहरूलाई उपलब्ध गराइनेछ ।
- निकासी गर्ने व्यक्तिले नियम विपरित काम गरेमा त्यसको नियन्त्रण गर्ने काम वडा अध्यक्ष लगायत सम्पूर्ण वडा सदस्यहरूको कर्तव्य हुनेछ ।
- नदिजन्य पदार्थ तथा प्राकृतिक श्रोत निकाल्न सकिने प्राविधिक मूल्याङकन गाउंपालिकाको इन्जिनियरले तोकेको क्षेत्रमा मात्र हुनेछ ।
- समय समयमा निरिक्षण गर्ने कर्तव्य प्राविधिक कर्मचारीको हुनेछ ।
- गलत नियतले काम गरेको पाइएमा निकासीको कार्य बन्द गरिनेछ ।

- प्रदेश सरकारले प्रतिक्यूफिट रू.३ भने तापनि गत बर्ष रू.४ मा ठेक्का लागाएकोले यस बर्ष पनि रू.४ नै कायम गरी (भ्याट र ओभरहेड बाहेक) शुल्क लगाइने छ ।
- दैनिक रूपमा माल निकासीको निरिक्षण गर्ने काम सम्बन्धीत वडाको प्राविधिकको हुनेछ ।
- माल निकासीको ठाउमा गाउंपालिकाले पनि समय समयमा निरिक्षण गर्नेछ ।
- जिल्ला अनुगमन समितीलाई पनि समय समयमा निरिक्षण गरिदिन आग्रह गरिनेछ ।
- नदिको बहाव परिवर्तन हुने गरी माल निकाल्न पाइने छैन ।